गरुडा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

गरुडा, रौतहट
मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०८३/०८४ मिति:२०८३।०८।०९ गते

विषय: तह/स्तर वृद्धिका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा मधेश प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा ४ को उपदफा (६) र दफा २९ को उपदफा (१) र (२) तथा गरुडा नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१ बमोजिम स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह/स्तर वृद्धि गर्ने व्यवस्था भएकोले यस गरुडा नगरपालिकामा कार्यरत योग्यता पुगेका स्थायी कर्मचारीहरुले तह/स्तर वृद्धि प्रयोजनार्थ तपसिलका कागजातहरु सहित सूचना प्रकाशन भएको मितिले ३० दिनसम्ममा यस कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन सम्बन्धित सबै कर्मचारीहरुमा जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

१. निवेदन ।
२. सुरु स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि ।
३. सेवा समूहमा बढुवा/तह वृद्धि पत्रको प्रमाणित प्रतिलिपि ।
४. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
५. न्यूनतम शैक्षिक योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
६. समायोजन भएमा समायोजन पत्रको प्रमाणित प्रतिलिपि ।
७. सजाय वा गयल कट्टी नरहेको स्व: घोषण पत्र ।
८. सजाय वा गयल कट्टीको प्रशासन शाखाबाट प्रमाणित पत्र ।
९. स्वास्थ्य तर्फ सम्बन्धित काउनसिल दर्ता नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(नाथु साह)
प्रमुख प्रशासकीय अधिकृत

नाथु साह
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा, नेपाल ।
श्री प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम, धनुषा, नेपाल ।
श्री प्रदेश किताबखाना, मधेश प्रदेश, जनकपुरधाम, धनुषा, नेपाल ।
श्री सुचना प्रविधि शाखा, गरुडा नगरपालिका (वेवसाइटमा अपलोड गर्नुहुन)

Scanned with CamScanner